नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref No.

# लेखापरीक्षण गर्न पाउने फाइल संख्या सम्बन्धी सूचना !

मिति: २०७७/१०/२८

यस संस्थाका सम्पुर्ण पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले एक आर्थिक बर्षमा लेखापरीक्षण गर्न पाउने फाइल संख्या सम्बन्धमा परिषदको मिति २०७१/११/०४ गतेको १९४ औं बैठकले देहाय अनुसारको निर्णय गरेको तथा सो व्यवस्था हाल सम्म पनि विद्यमान रहेको व्यहोरा पुनः सुचित गरिन्छ ।

परिषदको निर्णय,

पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक आर्थिक बर्षमा १०० वटा सम्म मात्र लेखापरीक्षण गर्न पाउने छ । तर उक्त १०० वटा सिमा संख्या मध्ये पब्लिक लिमिटेड कम्पनीको सीमा संख्या १० वटा भन्दा बढि हुनु हुंदैन । साझेदारी फर्मका प्रत्येक साझेदारले उपरोक्त सीमासम्म लेखापरीक्षण गर्न पाउनेछ ।

तर, रु. २० (वीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकल फर्म, साझेदारी फर्म, सहकारी संस्था, सरकारी प्राथमिक विद्यालयहरु, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्ता समुह, विभिन्न किसिमका समितिहरु, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरु तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरुको लेखापरीक्षण माथि उल्लेखित फाइल संख्याको सीमा गणना गर्ने प्रयोजनको निमित्त सामेल गरिने छैन ।

साथै न्यूनतम लेखापरीक्षण फाइल संख्या निर्धारण प्रयोजनको लागि कारोबार रकम भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ मा उल्लेख भए बमोजिम हुनेछ ।

..............................
सिए. सन्जय कुमार सिन्हा
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774
P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel. 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel. 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel. 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara : Tel. 977-061-537679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel. 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, E-mail : icandhg@ican.org.np